स्थानीय सरकार
मेलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश

पत्र सङ्ख्या : ०८०/८१
चलानी नम्बर : २२५४

भेड्पु, दोलखा, नेपाल

मिति : २०८१/०२/२८
ने.सं. ११४४ तछलाथ्व ४, सोमबार

**विषय : भुक्तानी निकासा बन्द हुने सम्बन्धमा ।**

श्री विषयगत शाखाहरु (सबै)
श्री वडा कार्यालयहरु (सबै)
श्री निर्माण व्यवसायी, उपभोक्ता समिति र सम्बन्धित सरोकारवाला (सबै )
मेलुङ गाउँपालिका ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) अनुसार आर्थिक बर्ष समाप्त हुनुभन्दा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त समयमा भुक्तानीको चाप बढी भई सर्भर डाउन हुने, सिष्टम नचल्ने अवस्था सिर्जना हुन सक्ने साथै कार्यालयले कर दाखिला गर्ने, सङ्घीय र प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने अनुदानहरु फिर्ता गर्नुपर्ने तथा सम्पूर्ण आर्थिक कारोबारको हिसाब मिलान गरी तालुक निकायमा प्रतिवेदन पठाउनुपर्ने भएकाले यस कार्यालयबाट भुक्तानी लिनुपर्ने मातहतका कार्यालयहरु, शाखाहरु, सम्पूर्ण व्यक्ति, फर्म, सप्लायर्स, निर्माण व्यवसायी, उपभोक्ता समिति लगायत सम्पूर्ण सरोकारवालाहरुले मिति २०८१ असार १५ गते भित्र कागजातहरु पेश गरी भुक्तानी लिइसक्नुहुन अनुरोध छ । उक्त समयावधिभित्र भुक्तानी नलिएमा यस कार्यालय जवाफदेही नहुने बेहोरा जानकारी गराइन्छ ।

...............................
(नविन बस्नेत )
लेखा प्रमुख

...............................
(सन्जय शिवाकोटी )
प्रमुख प्रशासकीय अधिकृत